आज मिति २०८२/०९/०१ गते मंगलवारका दिन यस मिर्चैया नगरपालिकाको नगर प्रमुख श्री श्रवण कुमार यादवज्यूको अध्यक्षता तथा नगरकार्यपालिका सदस्य ज्यूहरुको उपस्थितीमा तपसिल वमोजिमको प्रस्तावहरुमाथि छलफल गरी निर्णय गर्न नगरकार्यपालिकाको वैठक वसियो ।

## उपस्थिती

| | |
|---|---|
| नगर प्रमुख | श्री श्रवण कुमार यादव |
| उप प्रमुख | श्री जिबछी देवी साह |
| वडा अध्यक्ष वडा नं.१ | श्री रुपेश कुमार महतो |
| वडा अध्यक्ष वडा नं.२ | श्री हरिराम श्रेष्ठ |
| वडा अध्यक्ष वडा नं.३ | श्री पबित्रि देवी यादव |
| वडा अध्यक्ष वडा नं.४ | श्री दिलिप कुमार सिंह |
| वडा अध्यक्ष वडा नं.५ | श्री प्रदिप कुमार साह |
| वडा अध्यक्ष वडा नं.६ | श्री राम प्रकाश महासेठ |
| का.वा. वडा अध्यक्ष वडा नं.७ | श्री ~~सर्म दयाल ठाकुर बर्ही~~ राम बहादुर थापा मगर |
| वडा अध्यक्ष वडा नं.८ | श्री बिरेश्वर यादव |
| वडा अध्यक्ष वडा नं.९ | श्री दिनेश कुमार मण्डल |
| वडा अध्यक्ष वडा नं.१० | श्री संजय कुमार साह |
| वडा अध्यक्ष वडा नं.११ | श्री चन्द्रदिप यादव |
| वडा अध्यक्ष वडा नं.१२ | श्री मनेलाल यादव |
| मनोनित सदस्य | श्री विनोद प्रसाद महतो |
| मनोनित सदस्य | श्री दिपेश कुमार सिंह |
| महिला मनोनित सदस्य | श्री जरिना खातुन |
| महिला मनोनित सदस्य | श्री अनिता देवी कापैर |
| महिला मनोनित सदस्य | श्री आशा कुमारी यादव |
| महिला मनोनित सदस्य | श्री निर्मला विश्वकर्मा |
| महिला मनोनित सदस्य | श्री नरधिमा लामा |
| नि.प्रमुख प्रशासकीय अधिकृत | श्री नन्दन कुमार ठाकुर (सचिव) |
| सहयोगी कर्मचारी | श्री जित कुमार साह |

**प्रस्तावहरु**

१.स्वाथ्यकर्मी र गार्ड भर्ना सम्वन्धमा ।

२.पोखरी ठेक्का सम्वन्धमा ।

३. वतहा खोलावाट आन्तिरिक आय संकलन सम्वन्धमा ।

४.अनुगमन गरी प्रतिवेदन पेश गर्नु हुन वारे ।

५.मर्मत सम्भार कोषमा रकम Transfer गर्ने सम्वन्धमा ।

६.लेखा परिक्षण सम्वन्धमा ।

७.प्रमुख प्रशासकीय अधिकृत सम्वन्धमा ।

८.घ वर्गको इजाज्त पत्र सम्वन्धमा ।

९.थप जिम्मेवारी सम्वन्धमा ।

१०.अस्थायी रुपमा नगरपालिकाको कार्यालय संचालन सम्वन्धमा ।

११.नगरसभाको १६ औं अधिवेशन सम्वन्धमा ।

१२.नगर स्तरीय खेलकुद सम्वन्धमा

१३.उपभोक्ता समितिवाट योजना संचालन सम्वन्धमा ।

१४.विविध ।

**निर्णयहरु**

**१ प्रस्ताव नं.१ माथि छलफल गर्दा** यस मिर्चैया नगरपालिका अन्तर्गतको मिर्चैया अस्पताल र स्वास्थ्य चौकीहरुमा देहाय वमोजिमको स्वाथ्यकर्मीहरु र गार्डको अभाव रहेकोले भर्ना गर्ने निर्णय गरियो ।

**तपसिल**

| सि.न. | पद | निकाय | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | मिर्चैया अस्पताल | १ | |
| २ | फार्मेसि सहायक | मिर्चैया अस्पताल | १ | |
| ३ | सेक्रेटरी गार्ड | मिर्चैया अस्पता | १ | |
| ४ | अ.हे.व. | स्वास्थ्य चौकीहरु | ३ | |
| ५ | अ.न.मि. | स्वास्थ्य चौकीहरु | ३ | |
| ६ | जनस्वास्थ्य अधिकृत(सातौ) | मिर्चैया नगरपालिका | १ | म स्वस्थ,मेरो समुदाय स्वस्थ: घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यकम । |

**२ प्रस्ताव नं.२ माथि छलफल गर्दा** यस नगरपालिकाको राजश्व परामर्श समितिको वैठकवाट पटक-पटक निर्णय गरी नगरपालिकाको अधिकार क्षेत्रभित्र रहेको पोखरीहरु ठेक्काको लागि आह्वान गर्दा हालसम्म ११ वटा पोखरी ठेक्का नलागेको देखिएकोले पुन : २० प्रतिशत रकम घटाई ३० दिने सूचना आह्वान गर्ने निर्णय गरियो ।

**३ प्रस्ताव नं.३ माथि छलफल गर्दा** मिर्चैया नगरपालिकाको अधिकार क्षेत्रमा पर्ने वतहा खोलावाट तोकिएको दस्तुर र मापदण्डको आधारमा गिटी,वालुवा निकासी गरी विक्रीको लागि यस नगरपालिकाको सवारी चालक विनोद कुमार महरालाई जिम्मेवारी दिने साथै संकलन गरेको राजश्वको १० प्रतिशत निजलाई उपलब्ध गराउने निर्णय गरियो ।

**४ प्रस्ताव नं.४ माथि छलफल गर्दा** जिल्ला प्रशासन कार्यालय,सिराहको च.न. २८९७,२८९८ मिति २०८२/०८/२२ को पत्रवाट मिर्चैया नगरपालिका वडा नं.३ मा वस्ने कमश:मुकेश यादव र चन्दे यादवको सिफारिस मिर्चैया नगरपालिका वडा नं.३ को वडा अध्यक्ष पविति्र यादवले गर्न नमानेको पत्र र कागजातहरु समेत प्राप्त भइ आएको साथै निज वडा अध्यक्षले आग्रह पूर्वाग्रहको आधारमा सिफारिस नदिएको सम्वन्धमा पटक-पटक अन्य सेवाग्राहीहरुको समेत गुनासो आउने भएकोले सो सम्वन्धमा वास्तविकता वुझी २१ दिनभित्र प्रतिवेदन पेश गर्न तपसिल वमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

श्री नन्दन कुमार ठाकुर(इन्जिनियर)- संयोजक

श्री गनेश गुप्ता सदस्य (रोजगार संयोजक )- सदस्य

श्री प्रदिप कुमार मण्डल (सू.प्र.अधिकृत)- सदस्य

श्री संतोष कुमार पूर्वे (इन्जिनियर)- सदस्य

श्री सरवन कुमार महतो (जिन्सी प्रमुख) सदस्य

श्री जित कुमार साह (ना.सु.)- सदस्य सचिव

**५ प्रस्ताव नं.५ माथि छलफल गर्दा** यस नगरपालिकाको आ.ब.२०८२/०८३ को लागि स्वीकृत नगर स्तरीय मर्मत सम्भार कार्य शिर्षकको रकमवाट रु.५० लाख मर्मत सम्भार कोषमा रकम Transfer गर्ने निर्णय गरियो ।

**६ प्रस्ताव नं.६ माथि छलफल गर्दा** यस नगरपालिकामा मिति २०८२ भाद्र २४ गते भएको जेनजि आन्दोलनको कममा भएको आगलागि र लुटपाटको कारण पालिकाको भवन,जिन्सी सामाग्रि,विभिन्न शाखाहरुमा रहेको स्याहा श्रेष्ता,विवरण समेत जलेर नष्ट भएको साथै लुटपाट भएकोमा आ.ब.२०८१/०८२ को लेखापरिक्षण गर्न टोली खटि आएकोमा लेखापरिक्षणको लागि आवश्यक विवरण उपलब्ध गराउन नसकिने हुँदा लेखापरिक्षण गराउनको लागि असमर्थ रहेको र सोही व्यहोरा लेखी पठाउने निर्णय गरियो ।

**७ प्रस्ताव नं.७ माथि छलफल गर्दा** यस नगरपालिकामा लामो समयदेखी प्रमुख प्रशासकीय अधिकृत नहुँदा कामकाज गर्न कठिनाई भइरहेको,विकास योजना तथा कार्यक्रमहरु संचालन गर्न नसकेको,सेवा प्रदायकहरुले तलव भत्ता प्राप्त गर्न नसकेको लगायतको समस्या देखिएकोले यथासिघ्र दरवन्दी अनुसारको प्रमुख प्रशासकीय अधिकृत पठाईदिन हुन साथै प्रमुख प्रशासकीय अधिकृत खटि नआएसम्मको लागि यस नगरपालिकामा कार्यरत इन्जिनियरिङ्ग सेवाको आठौ तहको कर्मचारी श्री नन्दन कुमार ठाकुर (संकेत नं.२३५४९६) लाई आर्थिक कारोवारको जिम्मेवारी तोकि पठाइदिन भनि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो ।

**८ प्रस्ताव नं.८ माथि छलफल गर्दा** तपसिल वमोजिमको संस्थाहरुले इजाजाजत पत्र पाउ भनि निवेदन पेश गरेकोले यस नगरपालिकाको निर्माण व्यवसायी ऐन,२०८० को दफा ४ वमोजिम इजाजत पत्र दिने निर्णय गरियो ।

**तपसिल**

| सि.न. | संस्थाको नाम | ठेगाना | संचालक | कैफियत |
|---|---|---|---|---|
| १ | गोल्डेन इन्जिनियरिङ्ग कन्सट्रक्सन एण्ड कन्सल्टेन्ट प्रा.लि. | मिर्चैया न.पा.६ | नवल किशोर साह | |
| २ | सिताराम आर्किटेक्ट एण्ड बिल्डर्स प्रा.लि. | मिर्चैया न.पा.१२ | महावीर कापैर | |
| ३ | गदर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | मिर्चैया न.पा.६ | बबिता कुमारी | |
| ४ | रौनियार एण्ड ब्रदर्श कन्स्ट्रक्सन कम्पनी एण्ड सप्लायर्स प्रा.लि. | मिर्चैया न.पा.७ | कुमार गुप्ता | |
| ५ | सुमन निर्माण सेवा | मिर्चैया न.पा.६ | रिता देवी साह | |

**९ प्रस्ताव नं.९ माथि छलफल गर्दा** यस नगरपालिकाको कृषि विकास शाखामा हाल कुनै पनि तहको कर्मचारी नहुँदा उक्त शाखाको कामकाज गर्न समस्या भईरहेकोमा अर्को व्यवस्था नहुन्जेलसम्मको लागि यस नगरपालिकामा कार्यरत रोजगार संयोजक श्री गनेश गुप्ताले कृषि सम्वन्धी अध्ययन (Bachelor in Agriculture science ) गरेकोले निजलाई कृषि विकास शाखाको जिम्मेवारी तोकि कामकाजमा लगाउने निर्णय गरियो । साथै निजले उक्त शाखा सम्वन्धी आ.व.२०८२/०८३ मा गरेको कामकाजलाई यसै वमोजिम अनुमोदन गर्ने समेत निर्णय गरियो ।

CamScanner

**१०. प्रस्ताव नं.१० माथि छलफल गर्दा** मिति २०८२ भाद्र २४ गते भएको जेन जि आन्दोलनको कममा नगरपालिकामा भएको आगजानीको कारण साविक मिर्चैया न.पा.५ को गुदरी वजारमा रहेको कार्यालय भवनवाट तत्कालै सेवा प्रवाह गर्न नसक्ने अवस्था रहेकोले अर्को व्यवस्था नहुन्जेलसम्मको लागि मिर्चैया नगरपालिका वडा नं.७ मा रहेको साविकको प्राथमिक स्वास्थ्य केन्द्रवाट कार्यालयको कामकाज संचालन गर्ने निर्णय गरियो ।

**११ प्रस्ताव नं.११ माथि छलफल गर्दा** यस नगरपालिकाको १६ औ नगर अधिवेशन तपसिल वमोजिमको मिति,समय र स्थानमा गर्ने निर्णय गरियो । साथै ७ दिनभित्र वडा समितिको निर्णय सहित संशोधन गर्नुपर्ने योजनाको विवरण पठाउने समेत निर्णय गरियो ।

**तपसिल**

मिति : २०८२।१०।०२

समय : विहान ९ बजे देखी

स्थान : हिल पार्क मिर्चैया

**१२ प्रस्ताव नं.१२ माथि छलफल गर्दा** यस नगरपालिकाको आ.व.२०८२/०८३ को स्वीकृत वजेट वमोजिम नगर स्तरीय खेलकुद शिर्षकमा वजेट विनियोजन भए वमोजिम तपसिल वमोजिमको मिति, र स्थानमा नगर स्तरीय खेलकुद आयोजना गर्ने निर्णय गरियो ।

**तपसिल**

मिति :

स्थान :

**१३ प्रस्ताव नं.१३ माथि छलफल गर्दा** नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८२/०६/०५ को निणय र सोको आधारमा अर्थ मन्त्रालयवाट मिति २०८२/०६/०७ गतेमा जारी भएको प्रेस विज्ञप्तीको बुँदा नं.१४ मा रु.१० लाख भन्दा बढीको आयोजना उपभोक्ता समितिवाट कार्यान्वयन नगर्न नगराउनु भनिएकोमा सम्मानित सर्वोच्च अदालतमा दायर भएको ०८२-WO-३९७ मुदाको सम्वन्धमा मिति २०८२/०७/२३ मा जारी उत्प्रेसन आदेशमा सरकारको निर्णय कार्यान्वयन नगर्न नगराउन भनि अंतरिम आदेश जारी भएकोमा सार्वजनिक खरिद ऐन,२०६३, नियमावली,२०६४ र अन्य कानुन वमोजिम १ करोड सम्मको योजना उपभोक्ता समितिवाट गर्ने गराउने निर्णय गरियो ।

CamScanner